# रत्ननगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
३ नं. प्रदेश, नेपाल

## क्याटलग/ब्रोसर सपिंङ्ग विधिबाट सवारी साधन खरिद सम्बन्धि सिलबन्दी प्रस्ताव आह्वानको सूचना

**प्रथम पटक प्रकाशन मिति : २०७५।०४।१६**

यस कार्यालयका आ.व. ०७५/०७६ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको सवारी साधन सार्वजनिक खरिद ऐन २०६३ पहिलो संशोधन २०७३ को दफा ८ को उपदफा १ क ८ तथा सार्वजनिक खरिद नियमावली २०६४ (चौथो संशोधन) को नियम ३१ (ख) बमोजिम त्यस्ता सवारी साधन उत्पादन कम्पनी वा सो को आधिकारिक विक्रेताहरु बीच मात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिंङ्ग) विधिबाट खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ख) को उपनियम २ अनुसार देहाय बमोजिम सवारी साधनको उत्पादन वा आधिकारिक बिक्रेताहरुबाट उक्त मेसिन बिक्री गर्न नेपाल सरकारको सम्बन्धित निकायबाट प्राप्त भएको अनुमानित पत्र सो को अद्यावधिक नवीकरण भएको पत्र, स्थायी लेखा नम्बर (PAN) तथा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र आ.व. ०७३/०७४ सम्मको कर चुक्ता गरेको प्रमाणीत कागजात उक्त मेसिन सप्लाई गरेको हाल सम्मको विस्तृत विवरण सम्बन्धित कार्य अनुभवको प्रमाणपत्र, उत्पादनको आधिकारिक प्राविधिक स्पेशिफिकेशन, मूल्य, गुणस्तर तथा सुविधा सहितको विवरण (क्याटलग वा ब्रोसर) संलग्न राखी यो सूचना प्रकाशित भएको मिति १० (दश) औं दिन १२:०० बजेसम्म यस कार्यालयमा छुट्टाछुट्टै निवेदन दर्ता गराउन (चौथो संशोधन सहित) २०६४ को नियम ३१ (ख) बमोजिम आह्वान गरिएको छ तथा दर्ता गरिएका सिलबन्दी प्रस्तावहरु सोहि दिनको २:०० बजे खोलिने छ। पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा विदा पछिको कार्यालय खुलेको दिन पेश गर्न सकिने छ।

साथै सूचीकृत नभएका उत्पादन वा आधिकारिक बिक्रेता कम्पनीहरुले सूचीकृत गराई उक्त सिलबन्दी प्रस्ताव पेश गर्न सकिने व्यहोरा समेत जानकारी गराइन्छ।

| सि.नं | ठेक्का नं. | साधनको नाम | संख्या | संक्षिप्त विवरण | कैफियत |
|---|---|---|---|---|---|
| १ | RAT/NCB/Goods/02/2075-76 | मोटर साइकल | २० | Maximum rated power output not less than 12 ps and Maximum torque should not be less than 12.5 N-m. | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु स्वीकृत टेकनिकल स्पेसिफिकेसन बमोजिम हुनेछ। |
| २ | RAT/NCB/Goods/02/2075-76 | स्कुटर | ३ | Maximum rated power output not less than 7 ps and Maximum torque should not be less than 8 N-m. | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु स्वीकृत टेकनिकल स्पेसिफिकेसन बमोजिम हुनेछ। |

रत्ननगर नगरपालिका कार्यालय
रत्ननगर, चितवन

नवराज सुवेदी
प्रमुख प्रशासकिय अधिकृत

फोन नं.: ०५६-५६०५२९, ५६०५०६, फ्याक्स: ०५६-५६२४८७
E-mail: ratna.municipal@gmail.com, website: www.ratnanagarmun.gov.np